Nepali / नेपाली


Australian Government

मतदान गर्नु अनिवार्य छ

तपाईंको आधिकारिक

# जनमतसंग्रह पुस्तिका

यस पुस्तिकामा निम्न कुराहरू समावेश छन्:





पृष्ठ 5




पृष्ठ 21

# यस पुस्तिकाको बारेमा

यो आधिकारिक जनमतसंग्रह पुस्तिकामा निम्नानुसारका दुई महत्त्वपूर्ण दस्तावेजहरू छन्:
तपाईंको आधिकारिक Yes/No जनमतसंग्रह पर्चा, र
सन् २०२३ को जनमतसंग्रहको लागि तपाईंको आधिकारिक मार्गदर्शिका।




पृष्ठ 5

## तपाईंको आधिकारिक Yes/No जनमतसंग्रह पर्चा

पृष्ठ 6

### संविधानमा के परिवर्तन हुन सक्छ

यस पृष्ठले संविधानमा गरिने प्रस्तावित परिवर्तनहरूको पहिचान गर्दछ।

यस पृष्ठले संविधानमा गरिने प्रस्तावित परिवर्तनहरूको पहिचान गर्दछ। Constitution Alteration (Aboriginal and Torres Strait Islander Voice) 2023 [संविधान परिवर्तन (एबोरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डर भ्वाइस) २०२३]।

पृष्ठ 7

### Yes र No मतहरू

Yes मा मतदान गर्ने कारण र No मा मतदान गर्ने कारणहरू एकअर्काको आमनेसामने प्रस्तुत गरिएका छन।

यी Yes/No मुद्दाहरू संसदका ती बहुमत सदस्यहरूले प्रदान गरेका हुन जसले प्रस्तावित कानूनको पक्ष वा विपक्षमा मतदान गर्ने र उपरोक्त मुद्दा अगाडि बढाउन चाहेका थिए।

**AEC सँग Yes वा No मुद्दाहरूलाई संशोधन गर्न वा तथ्य जाँच गर्न वैधानिक अधिकार छैन।**




पृष्ठ 21

## सन् २०२३ को जनमतसंग्रहको लागि तपाईंको आधिकारिक मार्गदर्शिका।

आधिकारिक मार्गदर्शिकामा मतदान र मतगणना स्थलहरूको बारेमा महत्त्वपूर्ण जानकारी र निर्वाचन आयुक्तको सन्देश समावेश छ।

यो आधिकारिक मार्गदर्शिका अष्ट्रेलियाली निर्वाचन आयोग (AEC) ले तयार पारेको थियो।



# अनुवादित संस्करणहरू र उपलब्ध फर्म्याटहरू

**तपाईंको आधिकारिक जनमतसंग्रह पुस्तिका अंग्रेजी र अन्य सांस्कृतिक तथा भाषिकरूपमा फरक भाषाहरूमा, प्रथम राष्ट्र (First Nations) भाषाहरूमा (अडियो मात्र) उपलब्ध छन् र अन्धा वा कम दृष्टि भएका मतदाताहरूको लागि अंग्रेजी भाषाका फर्म्याटहरू उपलब्ध छन्, र Easy Read (इजी रिड) मा उपलब्ध (आधिकारिक मार्गदर्शिका मात्र) छ।**

**मतदान र जनमतसंग्रहको बारेमा थप जानकारीको लागि, कृपया तपाईंको भाषामा सहायताको लागि 1300 720 153 मा फोन गर्नुहोस्।**

यो पृष्ठ जानीबुझी खाली छोडिएको हो।



Australian Government

मतदान गर्नु अनिवार्य छ

तपाईंको आधिकारिक

# YES | NO

# जनमतसंग्रह पर्चा

# संविधानमा के परिवर्तन हुन सक्छ

## संविधानमा प्रस्तावित परिवर्तनहरूको विवरण

प्रस्तावित कानून, Constitution Alteration (Aboriginal and Torres Strait Islander Voice) 2023 [संविधान परिवर्तन (एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर "भ्वाइस") २०२३], ले अध्याय ८ (Chapter VIII) पछि निम्न पदहरू थपेर संविधानमा परिवर्तन गर्नेछ:

### Chapter IX—Recognition of Aboriginal and Torres Strait Islander Peoples (अध्याय ९ — एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्यान्डर व्यक्तिहरूको पहिचान)

#### 129 Aboriginal and Torres Strait Islander Voice (एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डरको भ्वाइस)

एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर व्यक्तिहरूलाई अष्ट्रेलियाको पहिलो बासिन्दाहरूको मान्यता दिंदै:

(i) एक निकाय, जसलाई एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर "भ्वाइस" भनिनेछ, को गठन हुनेछ;

(ii) एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर "भ्वाइस" ले एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर व्यक्तिहरूसँग सम्बन्धित मामिलाहरूमा संसद र कमनवेल्थको कार्यकारी सरकारसमक्ष प्रतिनिधित्व गर्न सक्नेछ।

(iii) संसदलाई, यस संविधानको अधीनमा रहेर, एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर "भ्वाइस" सँग सम्बन्धित विषयहरूमा यसको संरचना, कार्यक्षेत्र, अधिकार र प्रक्रियाहरू सहित कानून बनाउने अधिकार हुनेछ।

प्रस्तावित कानूनले संविधानको विषयसूचीमा 'Chapter VIII Alteration of the Constitution'(अध्याय ८ संविधान परिवर्तन') पछि निम्न पद अध्याय थपेर संविधानमा परिवर्तन गर्नेछ:

| | |
|---|---|
| Chapter IX<br>(अध्याय ९ | Recognition of Aboriginal and Torres Strait Islander Peoples<br>एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्यान्डर व्यक्तिहरूको पहिचान) |



# निम्न पृष्ठहरूमा तपाईंले **Yes** र **No** मतहरूको बारेमा थाहा पाउनु हुनेछ।

प्रत्येक मतको पक्षमा तर्कहरू संविधान परिवर्तन गर्न प्रस्तावित कानूनको पक्ष वा विपक्षमा मतदान गर्ने र सो तर्कलाई अगाडि बढाउनु पर्छ भन्ने संघीय संसदका बहुमत सदस्यहरू र सिनेटरहरूद्वारा प्रदान गरिएको हो।

प्रस्तावित कानुनको पक्षमा मतदान गर्ने र यस्तो तर्क अघि बढाउन चाहनेहरूले 'Yes' मत बनाएका छन् भने प्रस्तावित कानुनको विपक्षमा मतदान गर्ने र त्यसको लागि तर्क अघि बढाउन चाहनेहरूले 'No' मत बनाएका छन्।

*Referendum (Machinery Provisions) Act 1984* (Cth) को दफा 11(1) ले प्रत्येक मतको पक्षको लागि उपलब्ध शब्द संख्या २,००० शब्दहरूमा सिमित गर्दछ।

# Yes

## मा मतदान गर्ने कारण

**Yes** मा मतदान गर्ने कारण
**पृष्ठ 10** बाट शुरू हुन्छ र त्यसपछिका जोडी अंकका पृष्ठहरूमा प्रस्तुत गरिएको छ।

### प्रस्तावित कानून:

एबोरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डर “भ्वाइस” को स्थापना गरेर अष्ट्रेलियाका पहिलो बासिन्दाहरूलाई पहिचान दिन संविधानमा परिवर्तन गर्न।

### A proposed law:

To alter the Constitution to recognise the First Peoples of Australia by establishing an Aboriginal and Torres Strait Islander Voice.

**यो कसले लेखेको हो?** यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको पक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।



# No

## मा मतदान गर्ने कारण

**No** मा मतदान गर्ने कारण
**पृष्ठ 11** बाट शुरू हुन्छ र त्यसपछिका बेजोडी अंकका पृष्ठहरूमा प्रस्तुत गरिएको छ।

### प्रस्तावित कानून:

एबोरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डर “भ्वाइस” को स्थापना गरेर अष्ट्रेलियाका पहिलो बासिन्दाहरूलाई पहिचान दिन संविधानमा परिवर्तन गर्न।

### A proposed law:

To alter the Constitution to recognise the First Peoples of Australia by establishing an Aboriginal and Torres Strait Islander Voice.

**यो कसले लेखेको हो?** यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको विपक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।

# Yes मा मतदान गर्ने कारण

## एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरू र सबै अष्ट्रेलियालीहरूको उत्तम भविष्यको लागि Yes मा मतदान गर्नुहोस्।

## एकता, आशा र सकारात्मक परिवर्तन ल्याउनका लागि Yes मा मतदान गर्नुहोस्।

### YES मा मतदान दिनको अर्थ हो:

**पहिचान**

- हाम्रो संविधानमा एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई **पहिचान दिने** र ६५,००० वर्षको संस्कृति तथा परम्पराको सम्मान गर्ने।

**सल्लाह सुन्नु**

- एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूबाट उनीहरूको जीवनमा असर पार्ने सरोकारहरूको बारेमा दिएको सल्लाह **सुन्ने**, जसले गर्दा सरकारहरूले अझ राम्रो निर्णय लिन सक्नेछन्।

**उत्तम परिणाम**

- आदिवासीहरूको स्वास्थ्य, शिक्षा, रोजगार र आवासमा व्यावहारिक प्रगति गर्न त्यसैले मानिसहरूको राम्रो जीवन छ।

### यो एक यस्तो परिवर्तन हो जुन तपाईंले मात्र ल्याउन सक्नुहुन्छ।

एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूबाट सिधै आउने विचारलाई मान्यता दिन Yes मा मतदान गर्नुहोस्: **Constitutional Recognition through a Voice ("भ्वाइस" मार्फत संवैधानिक पहिचान)।**

### "भ्वाईस" भनेको के हो:

Voice ("भ्वाइस") एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूको एक समिति हुनेछ जसले उनीहरूको समुदायलाई असर गर्ने मामिलाहरूमा संसद र सरकारलाई सल्लाह दिनेछ।

यसमा प्रत्येक राज्य तथा टेरिटोरी र टोरेस स्ट्रेट आइल्याण्डहरूका आदिवासी अष्ट्रेलियालीहरू र बाहिरका ईलाका तथा दुर्गम समुदायहरूका प्रतिनिधिहरू समावेश हुनेछन्।

"भ्वाइस" का सदस्यहरूलाई उनीहरूका स्थानीय क्षेत्रका एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूद्वारा चयन गरिएको हुनेछ र उनीहरूले एक निश्चित अवधिको लागि सेवा गर्नेछन्।

### हामीलाई किन यो चाहिन्छ:

एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले सामना गरिरहेका ठूला चुनौतीहरू छन्:

- उनीहरूको आयु-सम्भाव्यता गैर-आदिवासी अष्ट्रेलियालीहरूको भन्दा ८ वर्ष कम छ।
- बिमारी र बाल-मृत्युदरको अवस्था खराब छ।
- आत्महत्याको दर दुई गुणाले बढी छ।
- शिक्षा तथा प्रशिक्षणको लागि कम अवसरहरू।

स्पष्ट रूपमा, यस प्रतिको वर्तमान दृष्टिकोणले काम गरिरहेको छैन।

यी कमीकमजोरीहरू हटाउन, समाधानहरू खोज्न र भविष्यको लागि योजना बनाउन हामीले एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले उनीहरूको जीवन र समुदायहरूलाई असर गर्ने मामिलाहरूको बारेमा दिएको सल्लाह सुन्नु आवश्यक छ।

### "भ्वाइस" ले कसरी काम गर्नेछ:

**"भ्वाइस" सल्लाहसँग सम्बन्धित छ।**

जब सरकारहरूले मानिसहरूबाट उनीहरूलाई असर गर्ने मामिलाहरूको बारेमा सुन्छन्, उनीहरूले:

- राम्रो निर्णय लिन सक्छन्।
- झन् राम्रो परिणामहरू प्राप्त गर्न सक्छन्।
- झन् राम्रोसँग पैसाको सदुपयोग गर्न सक्छन्।

यो "भ्वाइस" ले एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले सामना गर्नुपरेका राम्रो शिशु स्वास्थ्यदेखि दुर्गम क्षेत्रमा सेवा सुधार गर्नेसम्मका प्रमुख मुद्दाहरूमा सल्लाह दिनेछ।

Yes मत पृष्ठ.12 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको पक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**



# No मा मतदान गर्ने कारण

## NO मा मतदान गर्ने कारणहरु – सारांश

यो जनमतसंग्रह केवल "पहिचान" को बारेमा मात्र होइन। यो Voice ("भ्वाइस") प्रस्ताव त्योभन्दा वृहत छ।

यदि यो पारित भयो भने यसले हाम्रो इतिहासमा हाम्रो संविधानमा भएको सबैभन्दा ठुलो परिवर्तनलाई प्रतिनिधित्व गर्नेछ।

अनिश्चित परिणामहरूले गर्दा यो कानुनी रुपमा जोखिमपूर्ण छ। यो विभाजनकारी र स्थायी हुनेछ।

**यदि तपाईंलाई थाहा छैन भने, no मा मतदान गर्नुहोस्।**

### जोखिमपूर्ण

हामी सबै पिछडिएका समुदायहरूमा भएका आदिवासी अष्ट्रेलियालीलाई सहयोग गर्न चाहन्छौं। तथापि, यो "भ्वाइस" त्यसको जवाफ होइन र यसले हाम्रो शासन प्रणालीको लागि वास्तविक जोखिम ल्याउँदछ।

यो "भ्वाइस"ले विशेष गरी "कार्यकारी सरकार" को सबै क्षेत्रहरुलाई समेटेको छ। यसको अर्थ कुनै पनि मामिला यसको पहुँच बाहिर छैन।

अन्तत: उच्च अदालतले यसको अधिकार निर्धारण गर्नेछ, संसदले होइन।

यसले कानुनी चुनौतीहरू, ढिलासुस्ती र निष्क्रिय सरकारको जोखिम निम्त्याउँछ।

### अज्ञात

"भ्वाइस"का सदस्यहरु कसरी चयन गरिनेछन् वा यो कसरी संचालन हुनेछ भन्ने बारे कुनै विवरण प्रदान गरिएको छैन। अष्ट्रेलियालीहरूलाई यी विवरणहरु तयार हुनुभन्दा पहिले मतदान गर्न आग्रह गरिँदैछ।

**अष्ट्रेलियाली नागरिकहरूसँग मतदान अगावै विवरण हुनुपर्छ, पछि होइन।**

हामीलाई थाहा छैन कि यसले कसरी काम गर्छ, हामीलाई थाहा छैन कि यसमा को हुनेछ, तर हामीलाई यो थाहा छ कि यसले हामीलाई अष्ट्रेलियालीहरूको रुपमा स्थायी रुपमा विभाजन गर्नेछ।

"भ्वाइस"का केही समर्थकहरु यो क्षतिपूर्ति तथा प्रतिदान र अन्य आमूल परिवर्तनहरुका लागि पहिलो कदम मात्र हुनेछ भनेर बताउँछन्। त्यसोभए, यसपछि के हुनेछ?

### विभाजनकारी

एक समूहका अष्ट्रेलियालीहरूकालागि मात्र संविधानमा "भ्वाइस" उल्लेख गर्नुको अर्थ हाम्रो देशलाई स्थायी रूपमा विभाजन गर्नु हो।

यसले संविधानको पूर्ण शक्ति भएको अन्जान निकायमार्फत विभिन्न वर्गहरूको नागरिकता सिर्जना गर्छ। धेरै आदिवासी अष्ट्रेलियालीहरूले यसलाई समर्थन गर्दैनन्।

### स्थायी

संविधानमा "भ्वाइस" राख्नु भनेको यो स्थायी हुनेछ भन्ने हो। हामी यसको नकारात्मक परिणामहरूमा फस्नेछौं।

## NO मा मतदान गर्ने दश कारणहरु

### १. यो "भ्वाइस" कानुनी रुपमा जोखिमपूर्ण छ

अष्ट्रेलियाको संविधान हाम्रो सबैभन्दा महत्त्वपूर्ण कानुनी दस्तावेज हो। प्रत्येक शब्द व्याख्या को लागि खुला हुन सक्छ।

अष्ट्रेलियाले सन् १९७७ पश्चात् आफ्नो संविधान परिवर्तन गरेको छैन। **यो अष्ट्रेलियाको इतिहासमै नै हाम्रो लोकतन्त्रमा सबैभन्दा ठुलो परिवर्तन हुनेछ।**

यो भनेको थाहा नभएको भविष्यतिर हामफाल्नु हो। यो "भ्वाइस"लाई व्यवहारिक परीक्षण गरिएको छैन। योसँग तुलना गर्न मिल्ने संवैधानिक निकाय संसारमा कतै पनि छैन।

संविधानमा "भ्वाइस" प्रतिष्ठापित गर्नुको अर्थ यो उच्च अदालतबाट कानुनी चुनौती र व्याख्याको लागि खुला हुनु हो।

उच्च अदालतले यस्तो संवैधानिक परिवर्तनलाई कसरी व्याख्या गर्नेछ भन्ने बारे कानुनका विज्ञहरु सहमत छैनन्, र निश्चित रूपमा थाहा पाउन पनि सक्दैनन्।

> **"म "भ्वाइस"बाट एक दशक वा सो भन्दा बढिका लागि संवैधानिक र प्रशासकीय कानुनका मुद्दाहरु उत्पन्न हुने अनुमान गर्दछु..."**
> *(Ian Callinan AC KC, उच्च अदालतका पूर्व न्यायाधीश)*[1]

1 द अष्ट्रेलियन, 17/12/2022

No मत पृष्ठ.13 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको विपक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**

संसद र सरकार अझै पनि सबै कानून, कार्यक्रमहरू र वित्तपोषणको लागि जिम्मेवार रहने छ।

**Patrick Dodson, पश्चिमी अष्ट्रेलियाको लागि सिनेटर, Yawuru अग्रज**

*"जब वास्तविकरूपमा प्रभावित मानिसहरूको कुरा सुनिन्छ र उनीहरूलाई सहभागी गराईन्छ, झन् राम्रो कानून र नीतिहरू बन्दछन्। "भ्वाइस" बाट प्राप्त सल्लाहले हाम्रो निर्णय र निर्देशनहरूलाई अझ बढी सुसूचित र सफल बनाउनेछ। संविधान मार्फत दिइने पहिचानले हाम्रो देशलाई निको पार्न मद्दत गर्नेछ।"*

### "भ्वाइस": मुख्य तथ्यहरू

- सुझाव एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूबाट आउँछ।
- हाम्रो संविधानमा पहिलो बासिन्दाहरू (First Peoples) लाई पहिचान दिने छ।
- यो एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूको एक समिति हुनेछ।
- यसले मानिसहरूलाई उनीहरूलाई असर गर्ने मामिलाहरूमा आफ्नो भनाई राख्न दिनेछ।
- यसरी सुन्नुको अर्थ राम्रो परिणामहरू - र पैसाको सदुपयोग हुनु हो।
- यसमा सबै राज्य तथा टेरिटोरीहरू, टोरेस स्ट्रेट आइल्याण्डरहरू र दुर्गम समुदायहरूका प्रतिनिधिहरू हुनेछन्।
- यसमा युवा व्यक्तिहरू तथा पुरुष र महिलाको एक सन्तुलन समावेश हुनेछ।
- संसद र सरकार कानून, कार्यक्रम र वित्तपोषणको लागि जिम्मेवार रहिरहनेछ।

### YES मा मतदान गर्ने थप ८ कारणहरूको लागि पढ्न जारी राख्नुहोस्।

## १. यो सुझाव एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूबाट सिधै आएको हो।

Yes मा मतदान गर्नुको अर्थ:

- दशकौंदेखि एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डरका मानिसहरूले अघि सारेको आकांक्षालाई समर्थन गर्नु हो।
- ८०% भन्दा बढी एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूद्वारा समर्थित प्रस्ताव स्वीकार गर्नु हो।

**राजनीतिज्ञहरूले "भ्वाइस" को लागि आह्वान गरेका थिएनन्।**

सन् २०१७ मा, देशका सबै स्थानहरूमा धेरै वर्षको काम र अनगिन्ती छलफलहरू पछि, लगभग २५० जना एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर नेताहरू तथा अग्रजहरूले *Uluru Statement from the Heart* (हृदयबाट उलुरु वक्तव्य) लाई समर्थन गरे।

"भ्वाइस"को माध्यमबाट संविधानमा मान्यताको लागि आह्वान गरे।

उनीहरूको जीवनमा व्यावहारिक परिवर्तन ल्याउन र उनीहरूको छोराछोरीहरूका लागि अझ राम्रो अवसरहरू सिर्जना गर्न हामीलाई आग्रह गरे।

> जीवनका सबै अवस्थाका, सबै आस्था र संस्कृतिका अष्ट्रेलियालीहरू र राजनीतिका सबै पक्षहरूले यस प्रस्तावलाई समर्थन गरेका छन्।

अब हामी यसलाई वास्तविकतामा परिणत गर्न सक्छौं।

Yes मा मतदान गर्नु भनेको एकताको लागि गरिने कार्य हो जसले अष्ट्रेलियालीहरूलाई एक साथ ल्याउनेछ।

## २. ठोस परिणामका लागि संवैधानिक पहिचान दिन।

संवैधानिक रूपमा पहिचान दिनु भनेको एक शक्तिशाली वक्तव्य हो जसले व्यावहारिक परिवर्तन ल्याउँछ।

**Yes मा मतदान गर्नुको अर्थ हो:**

- एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई अष्ट्रेलियाको पहिलो बासिन्दाहरूको रूपमा मान्यता दिनु हो।
- ६५,००० वर्षको ईतिहासको उत्सव मनाउनु र साझा बनाउनु हो।
- अष्ट्रेलियाको एकताकोबारे विश्वलाई एउटा सशक्त सन्देश दिनु हो।
- भविष्यको लागि व्यावहारिक परिवर्तन गर्नु हो।

एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डरका पुस्ताहरूले हाम्रो राष्ट्रलाई उनीहरूको संस्कृति र रचनात्मकता, भूभाग र जलसम्पदाको बारे उनीहरूको ज्ञान र अष्ट्रेलियाली जीवनमा उनीहरूको योगदानको साथ समृद्ध बनाएका छन्।

Yes मत पृ.14 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको पक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**





यसले कानुनी कठिनाईहरु निम्त्याउँछ।

### २. कुनै विवरणहरु उल्लेख छैनन्

यो ठुलो निर्णय हो। यद्यपी, **यो सरकार मतदान अघि मुख्य विवरणहरु खुलासा गर्नेवाला छैन।**

यसले विपन्न समुदायहरुलाई कसरी सहयोग गर्नेछ र अन्तरहरुलाई कसरी अन्त्य गर्छ भनेर हामीलाई थाहा छैन।

यो "भ्वाइस"मा कति जना सदस्यहरु हुनेछन् भनेर हामीलाई थाहा छैन।

उनीहरु निर्वाचित हुनेछन् वा चयन गरिनेछन्, वा यो कसरी हुनेछ भनेर हामीलाई थाहा छैन।

यसले कसरी प्रतिनिधित्व गर्नेछ वा जवाफदेही बनाउनेछ भनेर हामीलाई थाहा छैन।

> यी विवरणहरु अष्ट्रेलियाली नागरिकहरूले मतदान गरेपछि मात्र तयार गरिनेछ।

Yes अभियानका अनुसार, मतदान अगावै विवरण उपलब्ध हुनुको *"कुनै अर्थ छैन"*:

"संविधान परिवर्तनका लागि अष्ट्रेलियाली जनताको समर्थन नभएसम्म त्यो बिस्तृत परामर्श गर्नुको कुनै अर्थ छैन।"
(*Yes23* पुस्तिका)

यो गलत तरिका हो।

तपाईंले एउटा घरलाई निरीक्षण नगरी वा एउटा कार टेस्ट ड्राइभ नगरी त्यसलाई किन्नुहुन्न।

यद्यपी तपाईंलाई बिना विवरण हाम्रो संविधानलाई परिवर्तन गर्न मतदान गर्न आग्रह गरिएको छ।

अष्ट्रेलियाली नागरिकहरुलाई खाली चेकमा हस्ताक्षर गर्न आग्रह गरिनु हुँदैन।

"अष्ट्रेलियाली नागरिकहरु कुनै कुरामा कसरी सहमत हुन सक्छन् जसको हामीलाई विवरण नै थाहा छैन?"
*(सिनेटर Kerrynne Liddle, बाल संरक्षण तथा पारिवारिक हिंसाको रोकथाम र Arrernte महिलाको छायाँ मन्त्री)*

### ३. यसले हामीलाई विभाजन गर्दछ

> हाम्रो संविधानमा एउटा समूहका अष्ट्रेलियाली नागरिकहरूको लागि मात्र एक निकाय उल्लेख गर्नुको अर्थ अष्ट्रेलियाली नागरिकहरूलाई स्थायी रूपमा विभाजन गर्नु हो। धेरै आदिवासी अष्ट्रेलियाली नागरिकहरू यससँग सहमत छैनन्।

**"यो "भ्वाइस"ले हामीलाई एकताबद्ध गर्दैन, यसले हामीलाई जात अनुसार विभाजन गर्नेछ।"**
(*सिनेटर Jacinta Nampijinpa Price, आदिवासी अष्ट्रेलियाली तथा Warlpiri महिलाका लागि छायाँ मन्त्री*)

यो सबै अष्ट्रेलियाली नागरिकहरू कानूनको अगाडि समान छन् भन्ने हाम्रो लोकतान्त्रिक प्रणालीको मुख्य सिद्धान्तको विरुद्ध जान्छ।

"प्रस्तावित दफा १२९ (s 129) समावेश गर्नुको अर्थ हामी एक त्यस्तो राष्ट्र बन्छौं जहाँ, हामी वा हाम्रा पुर्खाहरू पहिलो पटक यो देशमा जहिलेसुकै आए पनि, हामी सबै समान छैनौं।"
(*David Jackson AM KC, पूर्व संघीय अदालतका न्यायाधीश*)[2]

हाम्रो संविधान सबै अष्ट्रेलियाली नागरिकहरूको हो। हाम्रो संसद सबै अष्ट्रेलियाली नागरिकहरूको प्रतिनिधित्व गर्नका लागि त्यहाँ छ। यसमा अहिले ११ आदिवासी सदस्य र सिनेटरहरू समावेश छन्।

हामी "एक र स्वतन्त्र" छौँ भन्ने तथ्यलाई प्रतिबिम्बित गर्नका लागि हालै हाम्रो राष्ट्रिय गानलाई परिवर्तन गरिएको थियो।

**यसको विपरित, यो "भ्वाइस"ले अष्ट्रेलियाली नागरिकहरूलाई कानून र भावनामा स्थायी रूपमा विभाजित गर्नेछ।**

"हामी सबै अष्ट्रेलियाली नागरिक हौं। र यहि तरिकाले यो जारी हुनुपर्छ। यो तथाकथित "भ्वाइस"द्वारा यो विभाजित हुनु हुँदैन जसले यो देशलाई ठिक बीचबाट टुक्र्याउन गइरहेको छ।"
(*Ian Conway, Central Arrernte वरिष्ठ संरक्षक*)

2 संसदीय छानबिन प्रस्तुतीकरण, 11/04/2023

No मत पृ.15 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको विपक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**

# Yes मा मतदान गर्ने कारण

हाम्रो प्राचीन महाद्वीप विश्वको सबैभन्दा पुरानो जीवित संस्कृतिहरूको घर हो। यसलाई हाम्रो संविधानमा पहिचान गर्नु हाम्रो साझा इतिहासको उत्सव मनाउने प्रेरणादायी तरिका हो।

Yes मा मतदान गर्नु एकताको कार्य हो जसले वास्तविक परिणामहरू ल्याउनेछ।

> जुन खाले पहिचानको लागि आदिवासी अष्ट्रेलियालीहरूले हाम्रो समर्थन खोजिरहेको त्यो “भ्वाइस” हो। यो व्यावहारिक परिवर्तनको लागि एक साधन हो।

**Johnathan Thurston, एन.आर.एल. च्याम्पियन और कोच, Gunggari व्यक्ति:**

*"हाम्रा युवाहरू आफ्नो जीवनमा सर्वश्रेष्ठ हुने मौकाको हकदार छन्। म क्विन्सल्याण्डको याराबा समुदायका स्कुल जाने बालबालिकाहरूसित नजिकबाट काम गर्छु। मैले उनीहरूले सामना गर्ने अवरोधहरू देखेको छु। कसैले पनि यो कुरा स्थानीय समुदायभन्दा राम्रोसँग बुझ्दैनन्। उनीहरूलाई एक आवाज दिनुको अर्थ हाम्रा धेरैभन्दा धेरै बच्चाहरूले आफ्नो क्षमताको प्राप्त गर्नु हो। “भ्वाइस” यही कुराको बारे हो।"*

## ३. मानिसहरुको जीवनस्तर राम्रो हुन्छ भन्ने सुनिश्चित गर्न।

“भ्वाइस” एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूको लागि वास्तविक रूपमा निम्न सुधारहरू ल्याउने एक माध्यम हो:

- जीवन प्रत्याशा
- शिशु मृत्युदर र स्वास्थ्य
- शिक्षा र रोजगारी।

लामो समयदेखि राम्रो मनसाय भएका सरकारहरूले यी समस्याहरूको सामना गर्न अरबौं खर्च गरेका छन्।

तर तिनीहरूले स्थायी सुधार हासिल गर्न सकेका छैनन् किनभने तिनीहरूले ती समस्याहरूबाट प्रभावित मानिसहरूको कुरा सुनेका छैनन्।

हालको दृष्टिकोण काम नलाग्ने छ र यो “भ्वाइस” यसलाई ठीक पार्नको लागि उत्कृष्ट अवसर हो।

यो “भ्वाइस”ले तुरुन्तै सबै कुरा समाधान गर्छ भनेर कसैले पनि सोच्नसक्दैन - तर अन्ततः हामीसँग एक सही दृष्टिकोण हुनेछ।

**आदिवासीहरूको कुरा सुनेकाले राम्रो परिणाम प्राप्त भएको तीन उदाहरणहरू यहाँ तल छन्।**

**“भ्वाइस” मार्फत अष्ट्रेलियाले गर्न सक्ने प्रगतिको कल्पना गर्नुहोस्।**

### सुन्ने कार्य काम लाग्छ: राम्रो स्वास्थ्य सेवाहरू

समुदाय-नियन्त्रित एबोरिजिनल चिकित्सा सेवाकेन्द्रहरूले स्थानीय आदिवासीहरूलाई रोजगार दिन्छन्।

उनीहरू क्लिनिक सञ्चालन गर्छन् र दुर्गम क्षेत्रमा गएर बालबालिकालाई खोप दिने जस्ता अत्यावश्यक सेवाहरू प्रदान गर्छन्।

दक्षिण पूर्वी क्विन्सल्याण्डमा, स्थानीय एबोरिजिनल चिकित्सा सेवाकेन्द्र र समुदायले १० वर्षमा वार्षिक स्वास्थ्य जाँचको संख्या ५५० बाट २०,००० भन्दा माथि बढाउन सँगै मिलेर काम गरे।

### सुन्ने कार्य काम लाग्छ: शिक्षामा राम्रो परिणाम

अर्नहेम ल्याण्ड (Arnhem Land) मा नयाँ Dhupuma Barker स्कूलको हरेक पहलमा, पाठ्यक्रमको योजना बनाउने देखि खाजासम्म, परिवार र समुदायका अगुवाहरू संलग्न रहिआएका छन्।

राम्रो साझेदारीले **विद्यालयमा उपस्थिति दर बलियो बनाएको छ र राम्रो नतिजा ल्याएको** छ। ‘Dhupuma Firebirds’ रोबोटिक्स् टिमले हालै टेक्ससमा भएको VEX अन्तर्राष्ट्रिय च्याम्पियनसीपमा, नर्थन टेरिटोरीबाट अहिलेसम्म छानिएको पहिलो टिमको रूपमा, प्रतिस्पर्धा गरेको थियो।

प्रिन्सिपल Phillip Heath भन्छन्:

*“क्षेत्रीय र दुर्गम शिक्षामा समुदायको कुरालाई सुन्नाले व्यापक परिवर्तन भएको छ।”*

### सुन्ने कार्य काम लाग्छ: स्वदेशी रेन्जरहरू

अहिले लगभग २,००० स्वदेशी रेन्जरहरू देशमा काम गरिरहेका छन्।

रेन्जरहरूले **डढेलो रोक्न, जंगली किराहरू नियन्त्रण गर्न र हाम्रा नदीहरूको स्वच्छतामा सुधार गर्न काम गरेर** हाम्रो वातावरणको हेरचाह गर्छन्।

आदिवासी रेन्जर्सको कुरा सुन्नु भनेको ६५,००० वर्षको ज्ञान र हाम्रो भूभाग तथा जलस्रोतसँगको सम्बन्धलाई साझा बनाउनु हो।

**अष्ट्रेलियाभरि राम्रो परिणामहरू ल्याउन Yes मा मतदान गर्नुहोस्।**

**अन्तराल कम गर्न मद्दत गर्न Yes मा मतदान गर्नुहोस्।**

Yes मत पृ.16 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको पक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**



# No मा मतदान गर्ने कारण

## ४. यसले आदिवासी अष्ट्रेलियाली नागरिकहरूलाई सहयोग गर्दैन

हामी सबै पिछडिएका समुदायमा भएका आदिवासी अष्ट्रेलियाली नागरिकहरूलाई हरूमा अन्तरहरुलाई अन्य गर्न र मेलमिलाप हासिल गर्न सहयोग गर्न चाहन्छौँ।

**यद्यपि, यसको जवाफ थप कर्मचारीतन्त्र होइन।**

हाल सरकारका सबै तहमा राष्ट्रिय आदिवासी अष्ट्रेलियाली एजेन्सीका साथै सयौँ आदिवासी प्रतिनिधि निकायहरू छन्, जसमा १,४०० कर्मचारीहरु छन्।

केन्द्रीकृत “भ्वाइस”ले क्षेत्रीय र दुर्गम समुदायहरूको आवश्यकतालाई बेवास्ता गर्ने जोखिम हुन्छ।

“राष्ट्रिय “भ्वाइस”ले देशको लागि बोल्न सक्दैन।”
*(Nyunggai Warren Mundine AO, अष्ट्रेलियन्स फर युनिटी बोर्ड सदस्य र Bundjalung म्यान)*

अहिले, धेरै आवाजहरू केही दुर्गम समुदायहरूमा विनाशकारी सामाजिक समस्याहरूको सामना गर्न मद्दतको लागि पुकारिरहेका छन्। आवश्यक कुरा भनेको कार्य हो।

**“क्यानबेरामा हामीलाई चाहिएको कुरा भनेको कान हो, “भ्वाइस” होइन।”**
*(सिनेटर Jacinta Nampijinpa Price, आदिवासी अष्ट्रेलियाली तथा Warlpiri महिलाका लागि छायाँ मन्त्री)*

## ५. कुनै पनि मामिला यसको दायरा भन्दा बाहिर छैन

यो “भ्वाइस” मोडेल संसदको लागि मात्र होइन, यो निकै अगाडि जान्छ - "कार्यकारी सरकार" को सबै क्षेत्रहरूमा। **यसमा सबै सरकारी विभागहरू, आयोगहरू र अन्य निकायहरू (जस्तै रिजर्भ बैंक) समावेश हुन्छन्।**

अर्थतन्त्र, राष्ट्रिय सुरक्षा, पूर्वाधार, स्वास्थ्य, शिक्षा लगायतका विषयसँग सम्बन्धित सबै निर्णयहरू यसको दायराभित्र हुनेछन्।

सरकारको जनमत संग्रह कार्य समूह का एक सदस्यको शब्दमा:

“यो “भ्वाइस” मन्त्रिपरिषद्, मन्त्रीहरू, सार्वजनिक सेवकहरू, र स्वतन्त्र वैधानिक कार्यालयहरू र आयोगहरू - जस्तै रिजर्व बैंक लगायतका सरकारका सबै अंगहरूसँग सम्पर्क गर्न सक्षम हुनेछ... यसले “भ्वाइस”लाई बन्द गर्न सक्दैन।”
*(प्राध्यापक Megan Davis र Gabrielle Appleby)*[3]

“भ्वाइस”लाई समर्थन गर्ने एक संवैधानिक कानूनका प्राध्यापकको शब्दमा:

“मलाई लाग्छ कि यो घातक रुपमा त्रुटिपूर्ण छ किनकि यसले के गर्दछ भने कार्यकारी कार्यको समीक्षाको पूर्ण दायरा कायम राख्ने’ काम गर्दछ। यसको अर्थ “भ्वाइस”ले सब्मरिनदेखि पार्किङ टिकटसम्म सबै कुरामा टिप्पणी गर्न सक्छ...हामीले नियमित न्यायिक हस्तक्षेप भोग्नेछौँ।”
*(प्राध्यापक Greg Craven AO)*[4]

धेरै कानुनका विज्ञहरूले यसको दायराको बारेमा चिन्ता व्यक्त गरेका छन्, तर उनीहरूको चिन्तालाई बेवास्ता गरिएको छ।

## ६. यसले ढिलासुस्ती र निष्क्रियताको जोखिम निम्त्याउँदछ

अष्ट्रेलिन संसदले वर्षमा सयौँ विधानहरुमा काम गर्दछ।

यो “भ्वाइस”को दायरा संसदभन्दा बाहिर गई, विभागहरू, आयोगहरू र “कार्यकारी सरकार” को सबै क्षेत्रहरूलाई समेट्दछ।

“भ्वाइस”ले यसलाई कसरी सम्हाल्नेछ?

**यदि भ्वाईस आफूसँग परामर्श गरिएको तरिका वा गरिएको निर्णयसँग सन्तुष्ट छैन भने, यसले अदालतमा पुनरावेदन गर्न सक्छ। यसलाई कति समय लाग्छ?**

धेरै कानुनका विज्ञहरूले यसले निर्णय गर्नमा धेरै ढिलाइ गर्नेछ भनेर चेतावनी दिएका छन्।

"“भ्वाइस” लगभग निश्चित रूपमा वर्तमानमा रहेका अनगिन्ती मामिलाहरूका बारे लामो बहसको लागि माध्यम बन्नेछ। राष्ट्रिय एजेन्डामा भएका वर्तमानका सरोकारका लगभग हरेक विषयलाई कुनै न कुनै प्रकारको आदिवासीसँग जोडिएको विषयको रूपमा हेरिनेछ।”
*(Nicholas Hasluck AM KC, डब्ल्यू.ए. सर्वोच्च अदालतका पूर्व न्यायाधीश)*[5]

कानूनी पुनरावेदन र ढिलाइको जोखिम भनेको निष्क्रिय सरकारको जोखिम हो।

यो अस्ट्रेलियाको लागि राम्रो होइन।

3 द अष्ट्रेलियन, सन् 1/4/2023
4 डेली मेल, 24/3/2023
5 संसदीय खोजतलास प्रस्तुतीकरण, 16/4/2023

No मत पृ.17 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको विपक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**

# Yes मा मतदान गर्ने कारण

## ४. हाम्रो देशमा एकता ल्याउन।

Yes मा मतदान गर्नुको अर्थ हो:

- हामीबिच विगतमा भएका भिन्नताहरू हटाउनु र उज्जवल भविष्यतर्फ अग्रसर हुनु।
- त्यस्तो परिवर्तन जुन केवल तपाईंले ल्यउन सक्नुहुन्छ।

सन् १९०१ मा हाम्रो संविधान लागू पछि अष्ट्रेलियाले लामो यात्रा तय गरेको छ।

अब हामी आदिवासी अष्ट्रेलियालीहरू र हाम्रो देशमा उनीहरूको योगदानको उचित सम्मान गर्दछौं।

सन् १९६७ को जनमतसंग्रहमा, ९०% अष्ट्रेलियालीहरूले एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डरका मानिसहरूलाई जनसंख्यामा अन्य सबै जस्तै गरी गणना गरियोस् भनेर संविधान परिवर्तनको पक्षमा Yesमा मतदान गरेका थिए।

यो एकताबद्ध रूपमा अगाडि बढ्ने कदम थियो ।

सबैजना मिलेर अर्को कदम चाल्ने हामीसँग मौका छ –"भ्वाइस" मार्फत एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूलाई पहिचान गरेर।

क्यानाडा र न्युजिल्यान्ड जस्ता यस्तै इतिहास भएका अन्य राष्ट्रहरूले दशकौंअघि औपचारिक रूपमा आफ्ना पहिलो बासिन्दाहरूलाई पहिचान दिइसकेका छन्।

**अनुभवले देखाउँछ कि हामीले डराउनु पर्ने केही पनि छैन – र लाभ भने निकै धेरै हुनेछ।**

**Rachel Perkins, एलिस स्प्रिंग्स (Alice Springs) का फिल्म निर्माता, Arrernte/Kalkadoon महिला:**
*"हाम्रा मानिसहरूले राम्रो जीवनको अवसरका लागि अभियान चलाउँदै दशकौं बिताएका छन्। हामी कहिल्यै पनि योभन्दा बढी दृढ संकल्पित वा एकताबद्ध भएका छैनौं। यो "भ्वाइस" हाम्रोलागि सबैभन्दा राम्रो अवसर हो, यसको सदुपयोग गरौं।"*

## ५. पैसा बचत गर्न।

जब सरकारहरूले मानिसहरूको कुरा सुन्छन्, तिनीहरूले राम्रो परिणामहरू प्राप्त गर्दछन् र प्रभावकारी ढंगमा कोष प्रयोग गर्दछन्।

**अन्टी Pat Anderson AO, सह-अध्यक्ष उलुरु संवाद, Alyawarre महिला:**
*"जब तपाईंले मानिसहरूलाई सहभागी गराउनुहुन्छ, तपाईंले राम्रो निर्णय गर्नसक्नुहुन्छ र तपाईंले खर्च गर्नुभएको पैसा जहाँ सबैभन्दा बढी आवश्यक छ त्यहाँ जान्छ: वास्तवमा प्रभावित भएका मानिसहरूको लागि।"*

दुवै पक्षका सरकारहरूले यी समस्याहरूको समाधान गर्न नसकेका वा समुदायहरूबीच पुग्न नसकेका कार्यक्रमहरूमा अर्बौं लगानी गरेका छन्।

"भ्वाइस"ले हामीलाई स्थानीयबासीको कुरा सुन्न र पैसा बचत गर्न मद्दत गर्दछ।

जब सरकारहरूले काम नगर्ने कार्यहरूमा करदाताको पैसा बर्बाद गर्दैन, हाम्रो स्थिति राम्रो हुन्छ।

## ६. समय अहिले आएको छ।

एउटा भ्वाइसको परिकल्पना गर्न थालिएको दशकौं बितिसकेको छ। यसका लागि धेरै एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले कडा परिश्रम र सद्भाव सहित काम गरेका छन्।

No मा मतदानको अर्थ हो कुनै पनि परिवर्तन नहुनु। यसको अर्थ हामीले अझ राम्रो गर्न सक्दैनौं भनेर स्वीकार्नु हो।

**एउटै खाले जोखिम अधिक नलिनुहोस्:**

- खराब जीवन प्रत्याशा।
- शिक्षा र रोजगारीमा नराम्रो नतिजा।
- स्वास्थ्यमा नराम्रो परिणाम।

यस चक्रलाई तोड्न र हाम्रो देशलाई एकताबद्ध गर्न Yes मा मतदान गर्नुहोस्।

**Eddie Betts, एडिलेड र कार्लटन ए.एफ.एल. का प्रसिद्ध खेलाडी, Gubrun, Wirangu/Kokatha मानिस:**
*"मलाई थाहा छ कि "भ्वाइस" ले रातारात सबै कुरा ठीक गर्दैन तर मलाई लाग्छ कि हामीलाई प्रभावित गर्ने मामिलाहरूमाथि निर्णय लिने प्रक्रियामा हामीलाई समावेश र सम्मान गरिएको सुनिश्चित गर्नका लागि खुलेको यो एक हो।"*

## ७. व्यावहारिक सल्लाह जसले काम गर्दछ।

यो "भ्वाइस" ले आदिवासी स्वास्थ्य, शिक्षा, रोजगारी र आवासमा सुधार गर्नका लागि चाल्नुपर्ने व्यावहारिक कदमहरूका बारेमा सल्लाह दिनेछ।

Yes मत पृष्ठ.18 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको पक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**



# No मा मतदान गर्ने कारण

## ७. यसले कार्यकर्ताहरूको लागि ढोका खोल्छ

कानूनी अनिश्चितता र विवरणको अभावले यो प्रश्न उठाउँछ: यसपछि के हुन्छ?

> "भ्वाइस"का केहि समर्थकहरु यो प्रतिदान र क्षतिपूर्ति तथा अन्य आमूल परिवर्तनहरुका लागि पहिलो कदम हुनेछ भनेर बताउँछन्।

"यो पहिलो कदम हो, यो एक महत्त्वपूर्ण कदम हो र यसले सबै व्याख्याहरुलाई यसको पछाडि राख्छ। उदाहरणका लागि 'भाडा तिर्नुहोस्', हामी यसलाई कसरी पारदर्शी तरिकाले र वास्तवमा आदिवासी र टोरेस स्ट्रेट आइल्याण्डवासी मानिसहरूलाई प्रतिदान र क्षतिपूर्ति प्रदान गर्ने गरी व्यवस्था गर्नु...?"
(*Thomas Mayo, जनमत संग्रह कार्य समूह*)[6]

उलुरु स्टेटमेन्ट फ्रम द हार्ट (Uluru Statement from the Heart) को अनुसार "भ्वाइस" एक सन्धि र सत्य बोल्नु भन्दा अघिको पहिलो चरण हो।

परिभाषा अनुसार, सन्धि भनेको नागरिकहरूको एक समूह र त्यसको सरकार बीचको सम्झौता नभई सरकारहरू बीचको सम्झौता हो।

सरकारको जनमत संग्रह कार्य समूहका एक सदस्यले "सत्य" लाई "पुराना औपनिवेशिक संस्थाहरूको उन्मूलन" सम्म पुगाउने "लाभ" को रूपमा वर्णन गरेका छन्।

"यो सन्धिहरुको वार्तामा हाम्रा मानिसहरूलाई आवश्यक पर्ने कुराहरूलाई अगाडि बढाउने र कानुन, सुधार र हामीलाई हानि पुऱ्याउने पुराना औपनिवेशिक संस्थाहरूको उन्मूलन जस्ता अन्य आवश्यक पर्ने कुराहरूलाई अगाडि बढाउने एउटा तरिका हो।"
(*Thomas Mayo, जनमत संग्रह कार्य समूह*)[7]

पहिले नै, धेरै कार्यकर्ताहरूले **अष्ट्रेलिया दिवस खारेज गर्न, हाम्रो झण्डा र अष्ट्रेलियालीहरूका लागि महत्त्वपूर्ण अन्य संस्थाहरू र प्रतीकहरू परिवर्तन गर्ने** अभियान चलाईरहेका छन्।

"यो सँधै #abolishAustraliaDay थियो, मिति परिवर्तन गर्नु भनेको पन्छनु हो।"
(*Teela Reid, जनमतसंग्रह सहभागिता समूह*)[8]

यदि संवैधानिक रूपमा मान्यता प्राप्त "भ्वाइस" भयो भने, यी आवाजहरू अझ चर्को हुनेछन्।

"अष्ट्रेलियाली नागरिकहरूले यो बुझ्नु आवश्यक छ कि "भ्वाइस" सार्वभौमसत्ताको सह-अस्तित्वताको मान्यता, एक सन्धि र मौद्रिक क्षतिपूर्ति उत्पादन गर्न डिजाइन गरिएको मकरराटा आयोग, र अष्ट्रेलियाको इतिहासको पुन: लेखनको मागलाई समर्थन गर्न प्रयोग गरिनेछ...
अष्ट्रेलियाली समाजलाई ठूलो अपूरणीय क्षतिको सम्भावना भनेको "भ्वाइस"लाई अष्ट्रेलियाको संविधानमा कहिल्यै पनि समावेश गर्नु हुँदैन..."
(*Terence Cole AO RFD KC, एन.एस.डब्ल्यू. सर्वोच्च अदालतका पूर्व न्यायाधीश*)[9]

## ८. यो महँगो र कर्मचारीतान्त्रिक हुनेछ

यो "भ्वाइस"लाई कति अतिरिक्त कोष विनियोजन गरिनेछ भनेर हामीलाई थाहा छैन।

त्यो अर्को विवरण हो जुन जनमत संग्रह पछि मात्र निर्धारण हुनेछ।

सरकारका सबै तहहरूमा **हाल सयौं एबोरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डर प्रतिनिधि निकायहरू रहेका छन्।**

> यो वर्ष, सरकारले १,४०० कर्मचारी रहेको राष्ट्रिय आदिवासी अष्ट्रेलियाली एजेन्सीका लागि ४ अर्ब ३० करोड डलर विनियोजन गरेको छ।

यस एजेन्सीको वेबसाइट र कर्पोरेट योजना यसो भन्छ: "हामी... एबोरिजिनल र टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूसँग उनीहरुलाई प्रभाव पार्ने निर्णयहरूमा उनीहरूको भनाइ राख्न सुनिश्चित गर्छौं।"

यो "भ्वाइस"ले यी मध्ये कुनै पनि प्रतिस्थापन गर्नेछ भन्ने कुनै सुझाव छैन। यसले धेरै मध्येको एउटा कर्मचारीतन्त्रको रूपमा काम गर्नेछ।

## ९. यो "भ्वाइस" स्थायी हुनेछ

यो "भ्वाइस" कुनै परीक्षण वा पायलट कार्यक्रम होइन। यो उल्टाउन सकिने कानुनमा हुनेछैन।

यो एकपटक संविधानमा उल्लेख भइसकेपछि खारेज हुँदैन।

उच्च अदालतले एकपटक व्याख्या गरेपछि, संसदले यसलाई खारेज गर्न सक्दैन।

---

6 सर्च फाउन्डेशन भाषण, 12/2/2020
7 सर्च फाउन्डेशन भाषण, 12/2/2020
8 ट्वीटर, 24/1/2023
9 स्पेक्टेटर अष्ट्रेलिया 6/4/2023; संसदीय खोजतलास प्रस्तुतीकरण, 19/4/2023

No मत पृष्ठ.19 देखि जारी रहने

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको विपक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**

# Yes मा मतदान गर्ने कारण

"भ्वाइस" लाई संविधानमा राख्दा यसले, वर्तमान र भविष्यमा, स्थिरता र स्वतन्त्रता दिन्छ।

यसको मतलब "भ्वाइस"ले अल्पकालीन राजनीतिमा नफसिकन निष्कपट सल्लाह दिन सक्छ।

**आदिवासी अष्ट्रेलियालीहरूले सामना गर्नुपरेका सबै चुनौतीहरू हामी रातारात समाधान गर्न सक्दैनौं। हामीले अहिले नै कदम चाल्नु पर्छ, साथै दीर्घकालीन योजना पनि बनाउनु आवश्यक छ।**

त्यसकारणले गर्दा हामीलाई एउटा यस्तो "भ्वाइस" चाहिएको छ जसलाई कलमको एक धर्कोबाटै हटाउन सकिंदैन।

कानुनविद्हरूले यो स्पष्ट पारेका छन् कि "भ्वाइस" सँग कानून वा निर्णयहरूलाई रोक्ने, ढिलाइ गर्ने वा भिटो लगाउने शक्ति छैन। **"भ्वाइस" भनेको सल्लाहको बारेमा हो।**

## ८. सरकारी कामलाई अझ राम्रो बनाउने।

Yes मा मतदानको अर्थ हो:

- सरकारले राम्रो सल्लाह पाउनु र राम्रो परिणामहरू प्रदान गर्नु।
- संविधानमा विज्ञहरूद्वारा समर्थन गरिएको एक संयोजन गर्नु।

वरिष्ठ अधिवक्ता र उच्च अदालतका पूर्व न्यायाधीशहरू यस प्रक्रियामा सहभागी रहेका छन्।

### कानुनविद्हरू के भन्छन्:

- यो संवैधानिक र कानुनी रूपमा बलियो छ।
- यसले हाम्रो शासन प्रणालीलाई **सबल** बनाउनेछ।
- योसँग कुनै भिटो शक्ति छैन - संसद र सरकारसँग अन्तिम निर्णयअधिकार छ।

**Robert French AC, अष्ट्रेलिया को उच्च न्यायालय को मुख्य न्यायाधीश सन् २००८-२०१७ र Geoffrey Lindell, कानून को एमेरिटस प्रोफेसर, एडिलेड विश्वविद्यालय:**
*"यो "भ्वाइस" एउटा ठूलो विचार हो तर जटिल विचार भने होइन। यो एक उच्च प्रत्यासाको लागि कम जोखिम हो...*
*यो "भ्वाइस" ले प्रथम जनसमुदायलाई संसद र सरकारलाई सुसूचित, सुसंगत र भरपर्दो सल्लाह दिने व्यावहारिक अवसर प्रदान गर्नेछ।"*
- जोइन्ट ओपिनियन पिस, अष्ट्रेलियन फाइनान्सियल रिभ्यू, ४/२/२०२३।

## अब यो हामीमा निर्भर छ।

**Evonne Goolagong Cawley AC MBE, पूर्व टेनिस विश्व नंबर एक, Wiradjuri महिला:**
*"Yes मा मतदान भनेको सबै अष्ट्रेलियालीहरूका लागि एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डरका मानिसहरूले हाम्रो देशमा गरेको योगदानको उत्सव मनाउने र अर्को पुस्तालाई उनीहरूको सपनाहरू पछ्याउन मद्दत गर्ने अवसर हो। यस क्षणलाई दुवै हातले समातौं।"*

एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले हामीलाई एक पुस्तामा एक पटक पाईने मौका दिएका छन्।

**हामी एकताको यो महान क्षणको भाग हुन Yes मा मतदान गर्न सक्छौं जसले राम्रो भविष्य ल्याउनेछ।**

हामी Yes मा मतदान गर्न सक्छौं ता कि:

- एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूमार्फत ठीक कार्यहरू गर्न सक्छौं।
- मानिसहरूलाई उनीहरूलाई असर गर्ने मामिलाहरूमा बोल्न दिन सक्छौं।
- जीवन सुधार्ने व्यावहारिक परिवर्तन ल्याउन सक्छौं।

**पहिचान दिन, सल्लाह सुन्न र उत्तम परिणामको** लागि Yes मा मतदान गरौं।

एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर मानिसहरूले आफ्ना बालबालिकाहरूका लागि अधिक अवसरहरूको साथ राम्रो जीवन बाँच्न सकुन भन्ने सुनिश्चित गर्न Yes मा मतदान गरौं।

एकताको भावनासहित हामी एकसाथ Yes मा मतदान गरौं।

**YES मत समाप्त।**

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको पक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**



# No मा मतदान गर्ने कारण

हामी सधैंको लागि नकारात्मक परिणामसँग फस्नेछौं।

## १०. अगाडि बढ्ने अझ राम्रा तरिकाहरू छन्

यो जनमत संग्रह केवल संविधानमा आदिवासी अष्ट्रेलियाली नागरिकहरूलाई मान्यता दिने भन्ने बारेमा मात्र होइन।

**त्यो भनेको जोखिमपूर्ण, अन्जान र स्थायी "भ्वाइस"मा नबाँधिकन पनि प्राप्त गर्न सकिन्छ।**

मान्यता बारे अष्ट्रेलियाली नागरिकहरूको व्यापक समर्थन छ। तर, यो "भ्वाइस" प्रस्ताव भने समस्या हो।

सिद्धान्तमा "भ्वाइस"को विरोध गर्ने धेरै अष्ट्रेलियाली नागरिकहरू छन्।

अरूहरू अलि कम जोखिमपूर्ण "भ्वाइस" विकल्पलाई विचार गर्न इच्छुक हुन सक्छन्, तर सरकारले तपाईंलाई यो विकल्प दिएको छैन।

जब संविधानमा अघिल्ला परिवर्तनहरू प्रस्ताव गरिएका थिए, तब त्यहाँ विकल्प र विवरणहरू उचित रुपमा विचार गर्नका निम्ति संवैधानिक अधिवेशन भएको थियो।

त्यस्तो कुनै प्रक्रिया यहाँ अवगत भएन। यो प्रक्रिया हतारमा र भारी हातमा गरिएको थियो।

यो पद्धति एकताबद्ध वा प्रभावकारी छैन। यो विभाजनकारी छ।

## यो निर्णय तपाईंको हो

यो अत्यन्त महत्त्वपूर्ण निर्णय हो। दुर्भाग्यवश, धेरै अष्ट्रेलियालीहरूको वैध प्रश्न र चिन्ताहरू रद्द गरिएको छ।

सौभाग्यवश, यो जनमत संग्रह राजनीतिज्ञहरू, निगमहरू वा सेलिब्रेटीहरूद्वारा निर्णय गरिने छैन।

यसको निर्णय हरेक अष्ट्रेलियाली नागरिकले गर्नेछन्। यसले हरेक अष्ट्रेलियाली नागरिकलाई असर गर्छ।

**यदि तपाईंलाई थाहा छैन भने, no मा मतदान गर्नुहोस्।**

## थप जानकारी

जानकारी र अद्यावधिक जानकारीहरूका लागि निम्न वेबसाइटहरूमा जानुहोस्:

- www.riskyvoice.com
- www.oneandfree.au
- www.australiansforunity.com.au

**NO मत समाप्त।**

**यो कसले लेखेको हो?** **यस तर्कको विषयवस्तु (जुन aec.gov.au/referendums/pamphlet.htm) मा हेर्न सकिन्छ) प्रस्तावित कानूनको विपक्षमा मतदान गर्ने र यस्तो मामिला अगाडि बढाउनु चाहने संसदका बहुमत सदस्यहरूद्वारा पारित गरिएको हो। यो लेख निर्वाचन आयुक्तद्वारा कुनै संशोधन बिना प्रकाशित गरिएको छ।**

यो पृष्ठ जानीबुझी खाली छोडिएको हो।



AEC Australian Electoral Commission

सन् २०२३ को जनमतसंग्रहको लागि

# तपाईंको आधिकारिक मार्गदर्शिका

## मतदानको दिन कहिले हो?

थप जानकारीका लागि क्यू.आर. कोड स्क्यान गर्नुहोस् वा aec.gov.au/referendums मा जानुहोस्।

aec.gov.au
13 23 26

निर्वाचन आयुक्त, 10 मोर्ट स्ट्रिट, क्यानबेरा द्वारा अधिकृत
Authorised by the Electoral Commissioner, 10 Mort Street, Canberra

# निर्वाचन आयुक्तको **सन्देश**

हामीले यसअघि जनमतसंग्रह गरेको लामो समय बितिसकेको छ। योभन्दा अगाडिको जनमतसंग्रह सन् 1999 मा भएको थियो, त्यसैले यो मार्गदर्शिका पढिरहेका धेरै व्यक्तिहरूकालागि जनमतसंग्रहमा मतदान गरेको यो पहिलो पटक हुनेछ।

जनमतसंग्रह भनेको संविधानमा एउटा परिवर्तन गर्नको लागि राखिएको प्रस्तावको बारे एक प्रश्नको लागि गरिने एक राष्ट्रिय मतदान हो – अहिलेको सन्दर्भमा, एबोरिजिनल तथा टोरेस स्ट्रेट आइल्याण्डर भ्वाइस स्थापना गरेर अष्ट्रेलियाका पहिलो बासिन्दाहरू(First Peoples) लाई पहिचान दिन संविधानमा परिवर्तन गर्ने कि नगर्ने।

जनमतसंग्रहमा गरिने मतदान एक निर्वाचनभन्दा फरक हुन्छ, र परिणाम कसरी 'दोहोरो बहुमत' को मतहरूमा आधारित हुन्छ – त्यो हो:

- सबै राज्य र क्षेत्रहरूबाट मतदाताहरूको राष्ट्रिय बहुमत (५०% भन्दा बढी), र
- अधिकांश राज्यहरूमा (अर्थात् छ वटा राज्यहरूमध्ये कम्तिमा चार राज्यहरूमा) बहुमत (५०% भन्दा बढी)।

AEC ले जनमतसंग्रहमा तपाईंलाई मतदानको लागि योजना बनाउनका लागि मद्दत गर्न यो मार्गदर्शिका तयार गरेको हो र यसमा कसरी सही ढंगले मतदान कसरी गर्ने, मतदान स्थलमा के हुन्छ र सूचना स्रोतहरूको जाँच कसरी गर्ने भन्ने सुझावहरू समावेश गरिएका छन्।

हामीसँग मतदानको दिन देशभर ७,००० भन्दा बढी मतदान स्थलहरू खुल्ला हुनुका साथै अग्रिम मतदानकोलागि विकल्पहरू र दुर्गम स्थानहरूको भ्रमण गर्ने अहिलेसम्म कै बढी दुर्गम मतदाता सेवा टोलीहरू हुनेछन्।

निष्पक्षता र स्वतन्त्रताअष्ट्रेलियाली निर्वाचन आयोगको आधारस्तम्भ हो। हामीले सञ्चालन गर्ने प्रक्रियाहरूमा पारदर्शिता, सुरक्षा र जवाफदेहिता महत्त्वपूर्ण र समग्ररूपमा स्पष्ट हुन्छ।

जनमतसंग्रह गराउने प्रक्रियाको चरणमा ईमान्दारिता सहित हामीले खेलेको भूमिकाप्रति मलाई गर्व छ।

थप जानकारीको लागि **aec.gov.au/referendums** मा जानुहोस्।

Tom Rogers
निर्वाचन आयुक्त

मतदाता नामावलीमा
**97%**
बढी मतदाता

**7,000+**
मतदान स्थलहरू

**500+**
प्रारम्भिक मतदान केन्द्रहरू

लगभग
**100,000**
अस्थायी जनमतसंग्रह कार्यकर्ताहरू

# रोकिनुहोस् र विचार गर्नुहोस्

## यो जनमतसंग्रहमा सूचनाको स्रोत जाँच गर्नुहोस्

जनमतसंग्रहको दौरान तपाईंले मतदान प्रक्रियाको बारेमा त्यस्ता जानकारी पनि प्राप्त गर्न सक्नुहुनेछ जुन अप्रामाणिक, असान्दर्भिक वा भ्रामक हुन्छ।

AEC एक स्वतन्त्र निकाय हो जसलाई जनमतसंग्रह गराउने जिम्मेवारी दिइएको छ। हामी मतदाताहरूसँग यसमा भाग लिनेसम्बन्धमा उनीहरूको आवश्यकता, जनमतसंग्रहको उद्देश्य र मतदान गर्न उपलब्ध विकल्पहरूको बारेमा कुराकानी गर्नेछौं।

जनमतसंग्रह प्रक्रियाको बारेमा तपाईंले देख्नुहुने सुन्नुहुने र पढ्नुहुने जानकारीलाई ध्यानपूर्वक विचार गर्नु महत्त्वपूर्ण छ।

जानकारी निम्नानुसार भए नभएको विचार गर्न समय दिनुहोस्:

- भरपर्दो वा परिचित स्रोतबाट आएको
- ताजा
- सुरक्षित भएको (स्क्याम हैन )।

यो विशेषगरी सामाजिक मिडिया र अनलाइनमा महत्त्वपूर्ण छ।

थप जानकारी र उपयोगी सुझावहरू सहितका छोटो भिडियोहरूको लागि **aec.gov.au/stopandconsider** मा जानुहोस्।




निर्वाचन आयुक्त, 10 मोर्ट स्ट्रिट, क्यानबेरा द्वारा अधिकृत

# जनमतसंग्रहमा मतदान गर्न अगाडि नै योजना बनाउनुहोस्

## मतदान स्थलहरू बिहान ८ बजे खुल्नेछन् र साँझ ६ बजे बन्द हुनेछन्।

### कसले मतदान गर्नुपर्छ ?

१८ वर्ष वा सोभन्दा बढी उमेरका सबै अष्ट्रेलियाली नागरिकहरूले नामदर्ता गरेर अनिवार्य यस जनमतसंग्रहमा मतदान गर्नुपर्ने छ।

### मैले कहाँ मतदान गर्न सक्छु?

मतदानको दिन तपाईंले आफ्नो राज्य वा टेरिटोरीको कुनै पनि मतदान स्थलमा गएर मतदान गर्न सक्नुहुनेछ। मतदान स्थल बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म खुला रहने छ।

मतदान स्थलहरू सामान्यतया स्थानीय विद्यालय, चर्च, सामुदायिक भवन र सार्वजनिक भवनहरूमा अवस्थित हुन्छन्। आफ्नो नजिकको मतदान स्थल पत्ता लगाउन **aec.gov.au/where** मा जानुहोस्।

यदि तपाईंसँग हिंड्डल गर्न समस्या वा अशक्तता छ अथवा तपाईं यस्ता समस्या भएका कसैको हेरचाह गर्नुहुन्छ भने, तपाईंले मतदान स्थलहरूको अशक्तमैत्री व्यवस्थाको लागि विवरणहरू थाहा पाउन निम्न वेबसाइटमा सक्नुहुनेछ: **aec.gov.au/where**

अन्धा तथा कमजोर दृष्टि भएकाहरूका लागि मतदान गर्ने विकल्पहरूको लागि, **aec.gov.au/assistance** मा जानुहोस् वा **13 23 26** मा फोन गर्नुहोस्।

### यदि म अर्को राज्य वा टेरिटोरीमा छु भने के गर्ने?

यदि तपाईं मतदानको दिन अर्को राज्यमा हुनुहुन्छ भने तपाईंले तोकिएको अन्तरराज्यीय मतदान केन्द्रमा गएर मतदान गर्न सक्नुहुनेछ वा अग्रिम मतदान गर्ने विकल्पहरू चयन गर्न सक्नुहुनेछ।

### यदि म मतदानको दिन मतदान स्थलमा पुग्न सक्दिन भने के हुन्छ?

यदि तपाईं मतदानको दिन आफ्नो राज्य वा टेरिटोरीको मतदान स्थलमा पुग्न सक्नुहुन्न भने, तपाईं व्यक्तिगत रूपमा वा हुलाकमार्फत अग्रिम मतदान गर्न योग्य हुन सक्नुहुन्छ।

### कसरी व्यक्तिगत रूपमा अग्रिम मतदान गर्ने

अग्रिम मतदानको बारेमा थप जानकारीको लागि र के तपाईं योग्य हुनुहुन्छ भन्ने जाँच गर्न, **aec.gov.au/where** मा जानुहोस्।

अग्रिम मतदानको बारेमा थप जानकारीको लागि र के तपाईं योग्य हुनुहुन्छ भन्ने जाँच गर्न, **aec.gov.au/early** मा जानुहोस् वा **13 23 26** मा फोन गर्नुहोस्।

### कसरी हुलाक मार्फत चाँडै मतदान गर्ने

योग्य मतदाताहरूको लागि हुलाक मतदान उपलब्ध छ। आफ्नो योग्यता जाँच गर्नुहोस् र **aec.gov.au/pva** मा गएर अथवा क्यू.आर. कोड स्क्यान गरेर अनलाइन आवेदन दिनुहोस्।

यदि तपाईंसँग अनलाइन जानसक्नुहुन्न र हुलाक मतदानको लागि आवेदन दिन चाहनुहुन्छ भने, कृपया **13 23 26** मा फोन गर्नुहोस्।

हुलाक मतदानको लागि तपाईंको आवेदन पूरा गर्नुहोस् ताकि यो **मतदानको दिनभन्दा अगाडिको बुधवार साँझ ६ बजेभन्दा अगाडि नै** AEC आइपुगोस्।

# मतदान स्थलमा के हुन्छ ?

1. जब तपाईं मतपत्र जारी गरिने स्थानमा पुग्नुहुन्छ, मतदान अधिकृतले तपाईंको पूरा नामथर र ठेगाना, र तपाईंले २०२३ को जनमतसंग्रहमा मतदान गरिसक्नुभएको छ कि छैन भनेर सोध्नेछन्। मतदाता नामावलीमा तपाईंको नाममा चिन्ह लगाइनेछ।
2. तपाईंलाई मतपत्र दिइनेछ।
3. मतपत्रमा भएका निर्देशनहरू ध्यानदिएर पढ्नुहोस्।
4. आफ्नो मतपत्र पूरा भर्नुहोस्।
5. आफ्नो मतपत्र पूरा भरिसकेपछि त्यसलाई पट्याउनुहोस् र मतपेटिकामा राख्नुहोस्।
6. यदि तपाईंले AEC पेन्सिल प्रयोग गर्नुभएको छ भने त्यसलाई बाहिर निस्कने बाटोमा भएको बाकसमा राखिदिनुहोस्। बाहिर निस्कने ठाउँमा ह्यान्ड स्यानिटाइजर उपलब्ध हुनेछ।

**सम्झनुहोस्, यदि तपाईंलाई मद्दत चाहिन्छ भने तपाईंले विश्वास गरेको व्यक्तिलाई आफूसँगै ल्याउन सक्नुहुन्छ वा मतदान अधिकारीसँग आग्रह गर्न सक्नुहुन्छ।**

**AEC ले मतदाता र कार्यकर्ताहरूको सुरक्षालाई गम्भीरतापूर्वक लिन्छ। AEC ले कोभिड-१९ को वातावरणको अनुगमन जारी राखेको छ र सम्बन्धित स्वास्थ्य निकायहरूको सुझावको पालना गर्न जारी नै राखेको छ। यस मार्गदर्शिकामा प्रस्तुत जानकारीले मुद्रणको समयमा कायम रहेका परिस्थितिहरू प्रतिबिम्बित गर्दछ। यसले गर्दा लागू गरिएका उपायहरूमा परिवर्तन हुन सक्छ।**

**ह्यान्ड स्यानिटाइजर उपलब्ध हुनेछ र तपाईंलाई मास्क ल्याउन र लगाउन तथा भौतिक दूरी कायम गर्न प्रोत्साहित गरिन्छ। तपाईंले सफा AEC पेन्सिल प्रयोग गर्न सक्नुहुन्छ, वा तपाईं आफ्नै पेन्सिल वा कलम ल्याउन सक्नुहुन्छ।**


Authorised by the Electoral Commissioner, 10 Mort Street, Canberra

# तपाईंको मतला ई गणना योग्य कसरी बनाउने

## यस जनमत संग्रहको लागि तपाईंले अष्ट्रेलियाको संविधानमा एउटा परिवर्तन गर्न प्रस्ताव गरिएको एक मतपत्र प्राप्त गर्नुहुनेछ।

मतपत्रमा:

यदि तपाईंले प्रस्तावित परिवर्तन स्वीकार गर्नुहुन्छ भने **YES** लेख्नुहोस्।


Commonwealth of Australia

BALLOT PAPER

State/territory

OFFICIAL USE ONLY

**Referendum on proposed Constitution alteration**

DIRECTIONS TO VOTER

**Write "YES" or "NO" in the space provided opposite the question set out below.**

**A PROPOSED LAW:**
There would be a description of the proposed constitutional change here.

**DO YOU APPROVE THIS PROPOSED ALTERATION?** YES

WRITE "YES" OR "NO"


AEC Australian Electoral Commission

SAMPLE

नमूना मतपत्र

वा

यदि तपाईंले प्रस्तावित परिवर्तन अस्वीकार गर्नुहुन्छ भने **NO** लेख्नुहोस्।


Commonwealth of Australia

BALLOT PAPER

State/territory

OFFICIAL USE ONLY

**Referendum on proposed Constitution alteration**

DIRECTIONS TO VOTER

**Write "YES" or "NO" in the space provided opposite the question set out below.**

**A PROPOSED LAW:**
There would be a description of the proposed constitutional change here.

**DO YOU APPROVE THIS PROPOSED ALTERATION?** NO

WRITE "YES" OR "NO"

AEC Australian Electoral Commission

SAMPLE

नमूना मतपत्र

तपाईंको जवाफ अँग्रेजीमा लेखिएको हुनुपर्छ।

यदि तपाईंले कुनै गल्ती गर्नुभयो भने चिन्ता नगर्नुहोस्।
तपाईंले अर्को मतपत्र माग्न सक्नुहुन्छ र फेरि शुरू गर्न सक्नुहुन्छ।

**१८ वर्ष वा सोभन्दा बढी उमेरका अष्ट्रेलियाली नागरिकहरूका लागि मतदान गर्नु अनिवार्य छ।**
**यदि तपाईंले मतदान गर्नुभएन भने तपाईंलाई जरिवाना वा मुद्दा चलाउन सकिन्छ।**
**यदि तपाईंले एक पटकभन्दा बढी मतदान गर्नुभयो भने यो फौजदारी अपराध हो।**